नेपाल सरकार
लगानी बोर्डको कार्यालय

☎ ५७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८
फ्याक्स: ५७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

नेपाल सरकार लगानी बोर्डको कार्यालय २०६८

पत्र संख्याः
च.नं.:

मितिः २३ जेठ २०७९
06 June 2022

## लगानी बोर्डको ५१ औं बैठक सम्पन्न

**काठमाण्डौ** - सम्माननीय प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्ष श्री शेर बहादुर देउवाज्यूको अध्यक्षतामा लगानी बोर्डको ५१ औं बैठक आज सम्पन्न भयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवारमा सम्पन्न बोर्ड बैठकले दुईवटा जलविद्युत परियोजनाहरुको निर्माण तथा विकास गर्न रु २५.९२ अर्ब बराबरको लगानी स्वीकृति गरेको छ ।

लगानी स्वीकृति हुनेमा रु १६ अर्ब ४५ करोड ९८ लाख लागतको दोलखा जिल्लामा अवस्थित ९९.८ मेगावाट क्षमताको तामाकोशी पाँचौ र रु ९ अर्ब ४७ करोड ३० लाख रुपैयाँ लागतको म्याग्दी जिल्लामा अवस्थित ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत परियोजना रहेका छन् ।

बैठकले पश्चिम सेती र सेती नदी-६ संयुक्त जलविद्युत परियोजनाको विकास तथा लगानीको खाका तयार गर्ने प्रयोजनका लागि गठन गरिएको अध्ययन समितिले पेश गरेको सिफारिस सहितको प्रतिवेदन आवश्यकता अनुसार कार्यान्वयन गर्दै जाने साथै NHPC Limited , Government of India Enterprise ले उक्त परियोजना वार्ता द्वारा कार्यान्वयनका लागि दिएको निवेदनका सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद् समक्ष निर्णयका लागि सिफारिस गरेको छ । ९०० मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत परियोजनाको विकासकर्ता कम्पनी GMR- Upper Karnali Hydropower Company Ltd ले २४ महिना भित्रमा वित्तीय व्यवस्थापन सम्पन्न गर्ने गरी शर्त सहित म्याद थप गर्न नेपाल सरकार मन्त्रिपरिषद् समक्ष निर्णयका लागि सिफारिस गरेको छ । त्यसैगरी बैठकले Vehicle Manufacturing and Assembly Plant परियोजनाको विकासका लागि प्रस्तावक Motrex Co. Ltd. संग वार्ता प्रकृया सुचारु गर्ने निर्णय गरेको छ ।

बैठकमा सम्माननीय प्रधानमन्त्री देउवाले जलविद्युत क्षेत्रमा जलाशययुक्त परियोजना विकासमा जोड दिनुका साथै परियोजना विकास तथा संचालन गर्दा नेपालले गरेका अन्तराष्ट्रिय प्रतिवद्धता अनुरुप वातावरणमैत्री प्रविधिहरुको अवलम्बन गर्न निर्देशन दिनुभयो ।

नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

नेपाल सरकार
लगानी बोर्डको कार्यालय

पत्र संख्या:
च.नं.:

मिति:

बैठकमा अघिल्लो बोर्ड बैठकले निर्देश गरे बमोजिम परियोजना विकासका सम्बन्धमा भएका प्रगति र लगानी बोर्डको कार्यालयले अगाडि बढाएका लगानी प्रवर्द्धन लगायत अन्य गतिविधिहरुको बारेमा प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्टले जानकारी गराउनु भएको थियो ।

उक्त अवसरमा माननीय अर्थमन्त्री तथा बोर्डका उपाध्यक्ष श्री जनार्दन शर्मा 'प्रभाकर', माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री पम्फा भुसाल, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडू, माननीय वन तथा वातावरण मन्त्री श्री रामसहाय प्रसाद यादव, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेल, नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागी, नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारी, बोर्डका विज्ञ सदस्यहरु हरिभक्त शर्मा, भवानी राणा, राजेशकाजी श्रेष्ठ र बालकृष्ण सिवाकोटी लगायत नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो ।

...........................

(अमृत लम्साल)

सहसचिव एवं प्रवक्ता